# नेपाल सरकार

## गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## काठमाडौं

४५४

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
काठमाडौं

निर्णय मिति: २०६८।९।२६

दर्ता मिति: २०६८।९।२६

दर्ता नं.: १६५

# प्रमाण-पत्र

श्री अध्यक्षज्यू,

फ्रेन्ड्स अफ स्वेडेन नेपाल
का.म.न.पा.-३१, मध्य बानेश्वर, काठमाण्डौ

................................................ नामक संस्था, संस्था दर्ता ऐन २०३४ को दफा (४) बमोजिम मिति २०६८।०९।२६ मा दर्ता गरी यो प्रमाणपत्र दिईएको छ ।

स्थानीय अधिकारीको सही:- २०६८।९।२६

पुरा नाम:-

दर्जा:-

---

द्रष्टव्य : यो प्रमाणपत्र हरेक आर्थिक वर्ष भित्र नविकरण गर्नुपर्नेछ ।

"फ्रेन्डस अफ रुदेन नेपाल" को

विधान

(२०७८)

प्रस्तावना

तत्कालिन सोभियत संघमा स्थापित पैट्रीस लुमुम्वा जनमैत्री विश्व विद्यालय हाल रुसी जनमैत्री विश्व विद्यालय बाट उच्च शिक्षा हासिल गरेका नेपालीहरुलाई संगठित गर्दै राष्ट्र निर्माणमा उनीहरुको प्राविधिक प्राज्ञिक, शैक्षिक विशिष्ठताको सदुपयोग गर्नु बाँछनिय भएकोले फ्रेन्डस अफ रुदेन नेपाल २०७८ संस्था दर्ता ऐन २०३४ को अधिनमा रही दर्ता गरिएको छ"।

## १. संस्थाको नाम :

परिच्छेद १

## प्रारम्भिक

यस संस्थाका नाम "फ्रेन्डस अफ रुदेन नेपाल" रहनेछ अंग्रेजीमा "Friends of RUDN Nepal" रहनेछ। छोटकरीमा नेपालीमा "रुदेन" र अंग्रेजीमा "RUDN" रहनेछ।

क) संस्थाको कार्यालय रहने ठेगाना :
यस संस्थाको कार्यालय काठमाण्डौं जिल्ला काठमाण्डौ महानगरपालिका वार्ड नं. ३१ मध्य बानेश्वर मा रहनेछ ।

ख) संस्थाको कार्यक्षेत्र :
यस "फ्रेन्डस अफ रुदेन नेपाल"संस्थाको कार्यक्षेत्र काठमाण्डौं जिल्ला भर हुनेछ। आवश्यकताअनुसार सम्बन्धित जिल्लाको स्थानीय अधिकारीको स्वीकृति लिई नेपाल राज्यभित्र कार्य क्षेत्र विस्तार गरिनेछ।

ग) प्रारम्भ :-
यो बिधान संस्था दर्ता भएको मिति देखि प्रारम्भ हुनेछ।

घ) संस्थाको अस्तित्व :-
यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला संगठित, स्वशासित, गैरनाफामुलक, गैर राजनीतिक तथा गैरसरकारी सामाजिक संस्था हुनेछ। संस्थाबाट आफ्नो उद्देश्य बाहेक आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरीने छैन

## २. परिभाषा

बिषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस बिधानमा :

क) "विधान" भन्नाले फ्रेन्डस अफ रुदेन नेपाल,को बिधानलाई सम्झनुपर्दछ।

ख) "संस्था" भन्नाले फ्रेन्डस अफ रुदेन नेपाल लाई जनाउँदछ।

ग) "समिति" भन्नाले यस बिधानको दफा १३ बमोजिम गठित कार्य समितिलाई जनाउँदछ।

घ) "सभा" भन्नाले यस बिधान बमोजिम बसेको साधारण सभा र बिशेष साधारण सभालाई समेत जनाउँदछ

ङ) पदाधिकारी भन्नाले संस्थाका पदाधिकारीहरुलाई सम्झनुपर्दछ ।

च) नियम, विनियम भन्नाले यस बिधान अन्तर्गत बन्ने नियम बिनियमलाई जनाउँछ ।

छ) स्थानीय अधिकारी भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँछ ।

ज) तोकिएको वा तोकिए बमोजिम भन्नाले यो बिधान र यस बिधान अन्तर्गत बनेको नियम बिनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

झ) स्थानीय निकाय भन्नाले गाउँपालिका र महानगर,उपमहानगर,नगरपालिका र जिल्ला समन्वय समितिलाई जनाउने छ ।

## ३. संस्थाको छाप र चिन्ह

प्रचलित कानूनी व्यवस्थाको प्रतिकुल नहुने गरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह अनुसुचि १बमोजिमको ढाँचामा हुनेछ । तर संस्थाको नाम छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासँग मेल खाएमा संशोधनको प्रक्रियाद्वारा तुरुन्त संशोधन गरिने छ ।

## परिच्छेद २

## उद्देश्य

## ४. संस्थाको उद्देश्य :-

संस्थाको उद्देश्य देहाय बमोजिम रहनेछ ।

क) यो संस्था मुनाफा रहित, जनहितकारी सामाजिक संस्था हुनेछ ।

ख) रुदेनका सदस्यहरुको पेशागत दक्षता तथा प्रतिस्पर्धात्मक क्षमताको समुचित विकासलाई दृष्टिगत गरी गोष्ठी सेमिनार, प्रवचन आदि कार्यक्रमहरु सञ्चालन गर्ने।

ग) विभिन्न विषयमा अनुसन्धान कार्यलाई प्रोत्साहित गर्ने र त्यसको निम्ति आधारभूत सामग्री जुटाउन पुस्तकालय तथा वाचनालयको व्यवस्था गर्ने ।

घ) पुस्तक तथा पत्रपत्रिकाको प्रकाशनको ~~व्यवस्था गर्ने~~ लागि आवश्यक सहयोग गर्ने

ङ) महत्वपूर्ण दिवसलाई मध्यनजर गर्दै कार्यक्रमको आयोजना गर्ने ।

च) मैत्रीपूर्ण सम्वन्धलाई विकास गर्ने र जनचेतनामुलक कार्यक्रमको आयोजना गर्ने ।

छ) आफू पढेका शिक्षण संस्था संग निरन्तर सम्पर्क कायम गरी संयुक्त रुपमा अनुसन्धानका कार्यक्रमहरु संचालन गर्ने प्रयास गर्ने ।

ज) सदस्यहरुको वृति विकाशका लागि छोटो तथा लामो अवधिको तालिमका लागि विश्वविद्यालय सित छात्रवृतिका लागि अनुरोध गर्ने ।

झ) रुसी जनमैत्री विश्वविद्यालय बाट शिक्षा हासिल गरेका अन्य देशका नागरिकहरु सित पनि व्यवसायिक दक्षता तथा अनुभव साटासाट गर्न एक अर्काको देशमा भ्रमणको व्यवस्था मिलाउन भाईचारा सम्वन्ध स्थापित गर्ने ।

ञ) जनमैत्री विश्वविद्यालयमा उच्च शिक्षा प्राप्त गर्न सदस्यका छोराछोरी र अन्य नेपाली विद्यार्थीका लागि वढीसेवढी छात्रवृति उपलब्ध गराउन प्रयाशरत रहने ।

## ५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :

यस संस्थाको उपरोक्त उद्देश्यहरु प्राप्त गर्न देहायका कार्यहरु गर्नेछ ।

क) संस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरि मात्रआफ्ना उद्देश्यहरु कार्यान्वयन गर्ने छ ।

ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने छ र कम्प्यूटर, टेलिफोन, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तीनको सेवा सर्तहरु निर्धारण गर्नेछ।

घ) हाल संस्थाको आफ्नै भवन निमार्ण गर्न सक्ने क्षमता नभएको कारण संस्थाको कार्यलय भाडामा वा कसैले निशुल्क रुपमा उपलब्ध गराएको भवनमा राखिनेछ ।

## परिच्छेद ३
## सदस्यता

## ६. सदस्यहरुको बर्गीकरण

यस संस्थाका देहाय बमोजिम ४ प्रकारका सदस्यहरुको बर्गीकरण गरिएको छ :

**क) साधारण सदस्य :**

यस बिधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले तोकिएको प्रकृया अन्तर्गत रहि आवेदन गरेमा संस्थाको सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुनेछन् ।

**ख) संस्थापक सदस्यहरु :**

यस संस्था दर्ता हुँदको बखतका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन् । संस्थापक सदस्यहरुले साधारण वाआजिवन सदस्यता लिएर बिधान बमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

**ग) आजीवन सदस्य :**

संस्थाको विकासको लागि बिशेष सहयोग दान पुऱ्याउने व्यक्तिहरुलाई तोकिएको प्रकृया अन्तर्गत आजिवन सदस्यता प्रदान गरिनेछ ।

**घ) मानार्थ सदस्य :**

उपयुक्त ठहर गरेको बिशिष्ट समाज सेवी तथा प्रतिष्ठित नेपाली नागरिकलाई संस्थाको मानार्थ सदस्य प्रदानगर्न सक्नेछ तर मानार्थ सदस्यहरुको मताधिकार रहनेछैन ।

## ७. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :

यस संस्थाको सदस्यको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ :

क) नेपाली नागरिक । जो पूर्व सोभियत संघका पैट्रीस लुमुम्वा जनमैत्री विश्व विद्यालय हाल रुसी जनमैत्री विश्व विद्यालय बाट अध्ययन गरी फर्केका र यस विधानको पालना गर्न इच्छुक जो कोहि पनि रुदेनको सदस्य बन्न सक्नेछन् ।

ख) १८ बर्ष उमेर पुरा गरेको ।

ग) मानसिक सन्तुलन नगुमाएको ।

घ) सार्वजनिक सम्पत्ती हिनामिना गरेको नठहरेको ।

ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्ट्राचारीको अभियोगमा सजाय नपाएको ।

## ८. संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था :

देहायको अवस्थामा कुनै पनि संस्थांको सदस्यताको पंद प्राप्त गर्न सक्ने छैन ।

क) गैर नेपाली नागरिक ।

ख) १८ वर्ष उमेर पुरा नगरेको ।

ग) मगज बिग्रेको वा बौलाएको ।

घ) सार्वजनिक सम्पत्ति हिनाविना गरेको ठहरेको ।

ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय नपाएको ।

च) सम्बन्धित संस्थाको व्यवसायमा नीजि स्वार्थ भएको ।

छ) साहुको दामासाहीमा परेका

ज) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसांजी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालबाट कसुरदार ठहरी सजाय पाएको एक बर्ष पुरा नभएको ।

## ९. सदस्यताको समाप्ति

१. देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यमा वहाल रहने छैन ।

क) यस बिधानको दफा ८ बमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा.।

ख) साधारण सभाको ७५% को सदस्यहरुको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।

ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा ।

घ) संस्थाको काम कारबाहीमा बेइमानि वा वदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

ङ) यस विधान बमोजिम संस्थाले गर्न नहुने, भनी तोकिएको कुनै कार्य गरेमा ।

च) सदस्यता शुल्क बुझाउन बाँकी भएमा ।

छ) संस्था बिघटन भै खारेज भएमा ।

२. कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा वहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सुचनादिई, सफाईको सबुद् पेश गर्ने मौका दिइने छ ।

## १०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने बिधि :

यस विधानको दफा ६ बमोजिमको सदस्यहरुले देहाय बमोजिमको तोकिएको शुल्क तिरी सदस्यता प्राप्त गर्न सक्नेछन् ।

१. **साधारण सदस्य** :

क) साधारण सदस्य प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क बापत रु. १०० र बार्षिक शुल्क बापत रु. २०० बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन दिनेलाई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिने छ ।

ख) त्यस्ता साधारण सदस्यले बार्षिक नबिकरण शुल्क रु.२०० बुझाउनु पर्नेछ ।

ग) साधारण सदस्य प्राप्त गर्ने सदस्यले प्रत्येक बर्ष असार महिनाको मसान्त भित्र नविकरण गराइ सक्नु पर्नेछ र त्यस पछिको हकमा तोकिए बमोजिमको थप दस्तुर बुझाइ नविकरण गर्न सक्नेछ ।

२. **संस्थापक सदस्य** :

(क) यो संस्था दर्ता हुंदाको बखतका तदर्थ समितिका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन् ।

(ख) संस्थापक सदस्यहरुले बिधानमा उल्लेख भए बमोजिको शुल्क बुझाई साधारण सदस्य वा आजिवन सदस्य प्राप्त गर्न सक्ने छन् ।

३. **आजिवन सदस्य** :

संस्थामा एकमुष्ट रु.२५०० बुझाई तोकिएको प्रक्रिया अन्तरगत आवेदन दिने नेपाली नागरिकलाई कार्य समितिको निर्णयले आजिवन सदस्यता प्रदान गर्न सक्ने छ ।

४. **मानार्थ सदस्य** :

साधारण सभाको निर्णयले उपयुक्त ठानेको समाजसेवी बिशिष्ठ व्यक्ति तथा प्रतिष्ठित नैपाली नागरिकहरुलाई मानार्थ सदस्य प्रदान गर्न सक्नेछ , तर मानार्थ सदस्यको मताधिकार रहने छैन ।

५. कुने आवेदकलाई सदस्यता नदिने निर्णय गरेमा सो को कारण सहित को जानकारी आवेदकलाई दिईने छ ।

६. सबै सदस्यहरुले यस बिधान र बिधान अन्तरगत बनेको नियम र बिनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नु पर्ने छ ।

७. संस्थाले प्रदान गरेको उपदफा १, २, ३ र ४ अनुसारको सदस्यहरुको तोकिएको ढांचामा छुट्टै अभिलेख पुस्तिका रहने छ ।

# परिच्छेद ४

## साधारण सभा, कार्य समिति तथा बैठक सम्बन्धी व्यवस्था

## ११. साधारण सभाको गठन

१. यस संस्थाको विधानको दफा ६ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु बाहेक अन्य सदस्यहरु संस्थाको साधारण सभा गठन हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रित हुने छन् । साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

२. यस संस्थाको साधराण सभा, देहाय बमोजिम हुॅनेछ।

क) **बार्षिक साधारण सभाः** बर्षको एक पटक बार्षिक साधारण सभा बस्ने छ ।

ख) **विशेष साधारण सभाः** संस्थाको कुल सदस्य संख्याको १/४ (एक चौथाई) सदस्यहरुले कारण जनाई बिशेष साधारण सभा माग गरेमा बिशेष साधारण सभा, कार्यसमितिले कम्तीमा ७ (सात) दिन भित्र अनिवार्य रुपमा बोलाउनु पर्दछ । तर साधारण सभा वा विशेष सभा बसेको छ महिना भित्र हुनः विशेष साधारण सभा बस्न सक्नेछैन ।

३. यस संस्थाको प्रथम बार्षिक साधारण सभा संस्था स्थापना भएको मितिले दुई महिना भित्रमा गरिने छ र त्यसपछिका बांकि साधारण सभाहरु आर्थिक बर्ष समाप्त भएको मितिले २ (दुई) महिना भित्र गरिने छ ।

४. यस संस्थाको बार्षिक साधारण सभा गर्नको लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ (सात) दिन अगावै सभा हुने स्थान, मिति, समय, र छलफल गर्ने बिषय खोली सबै साधारण सदस्यहरुलाई अनिवार्य रुपले सुचना दिइनेछ ।

५. उप-दफा ४ बमोजिम बोलाइएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ बमोजिमको गण पुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ (सात) दिनको म्यादः दिन पुनः साधारण सभा बोलाइने छ ।

## १२. साधारण सभाको काम कर्तव्य र अधिकारः

साधारण सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।

क) कार्य समितिले पेश गरेका योजना कार्यक्रमहरु बार्षिक बजेट पारित गर्ने ।

ख) लेखा परीक्षकबाट प्राप्त भएको बार्षिक लेखा परीक्षण-प्रतिवेदन माथी छलफल गरी अनुमोदन गर्ने र लेखापरीक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरु माथी छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु अशुल उपर गरी फछ्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने ।

ग) आगामी बर्षको लागि लेखा परीक्षकको नियुक्त गर्ने ।

घ) संस्थाको बार्षिक कार्य प्रगती विवरण र संस्थाले गरेको कार्यहरुको मुल्यांकन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

ङ) संस्थाको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारीहरुको विधान बमोजिमको प्रक्रिया अन्रगत रही निर्वाचन गर्ने ।

च) कार्य समितिद्धारा पेश भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

छ) मानार्थ सदस्यता प्रदान गर्ने ।

ज) संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारीहरुको दरबन्दी, पारिश्रमिक भत्ता, तथा अन्य सुविधाहरुमा आवश्यक अनुरुप स्वीकृति प्रदान गर्ने ।

## १३. कार्य समितिको गठन

१. साधारण सभाका सदस्यहरु बाट निर्वाचित देहाय बमोजिमको पदाधिकारीहरु रहने सदस्यको एक कार्य समिति गठन गरिने छ।

| | |
|---|---|
| अध्यक्ष | १ |
| उपाध्यक्ष | १ |
| महा सचिब | १ |
| सचिव | १ |
| कोषाध्यक्ष | १ |
| सदस्यहरु | ४ |

२. कार्य समितिको कार्यकाल २ (दुई) बर्षको हुने छ।

३. बार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्य समितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अबधिका लागि कार्य समितीका सदस्यको मनोनित कार्य समितिद्वारा गर्न सकिनेछ। यसरी सो पदमा निर्वाचन भएको सदस्यको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो, सो सदस्य बाँकी कार्यकाल सम्मका लागि मात्र हुने छ तर अन्य पदहरुको लागि विधान बमोजिम बाँकी अबधिको निमित्त निर्वाचन प्रकृयाद्वारापद पुर्ति गरिनेछ।

४. कार्य समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउने छ। तर कार्य समितिको पदाधिकारहीहरुको जम्मा संख्याको ५१ प्रतिशत पदाधिकारीहरु उपस्थित नभै, कार्य समितिको बैठक बस्नेछैन।

५. कार्य समितिका पदाधिकारहीहरुको कुल संख्याको ५१ % पदाधिकारीहरु उपस्थित नभै, कार्य समितिको बैठक बस्नेछैन।

६. कार्य समितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्ने छ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिती रहेमा बैठकमा उपस्थित भएमा अध्यक्ष बैठकमा उपस्थित सदस्यहरुले छानेको वा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ।

७. कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयक मत दिन सक्नेछ।

८. कार्य समितिको बैठकमा छलफल भएको बिषयहरुको छुट्टै निर्णय किताबमा लेखी राखिने छ र सो निणर्य विवरणमा बैठकमा उपस्थित सम्पुर्ण सदस्यहरुले सही गर्नु पर्ने छ तर निर्णयमा असहमति जनाउनेहरुले कैफियत खोली सही गर्नु पर्ने छ।

९. संस्थाले गर्ने भनेको सम्पुर्ण कार्य कार्यसमितिको निर्णयबाट हुने छ।

१०. माथिका दफाहरु जुनसुकै कुरा लेखिएको भएता पनि कार्यसमितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्यसमितीका सबै पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक विना पनि गर्न सकिने छ। उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको बैठकको निर्णय सरह मानिनेछ।

## १४. कार्य समितिको काम कर्तव्य र अधिकार:

कार्य समितिको काम कर्तव्य र अधिकार देहायं बमोजिम हुनेछ।

१. संस्थाको आगामी बर्षको बार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने।

२. बिधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने।

३. संस्थाको हितमा हुने कार्यक्रमहरु संचालन गर्ने।

४. साधाण सभा प्रति उत्तरदायी रहने।

५. संस्थाको उद्देश्य प्राप्तीका लागि उपलब्ध साधन र श्रोतको अधिकतम उपयोग र प्रयोग गर्ने

६. संस्थाको कार्य सम्पादन गर्न कार्य योजना बनाउने, श्रोत जुटाउने, कार्यान्वयन, सुपरीवेक्षण र अनुगमन गर्ने।

७. संस्थाको कोष र सम्पति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली संचालन गर्ने

८. संस्थाको कर्मचारीहरुको सेवा शर्त र सुविधा आदी सम्बन्धि कर्मचारी नियमावली बनाई साधारण सभांबाट स्वीकृत गराई लागु गर्ने गराउने।

९. संस्थाको उद्देश्य परिपुर्तिको लागि आफ्नो कार्य अबधिमा उपयुक्त व्यक्तिहरुको सल्लाहकार समितिका अन्य सम्मिति, उपसमिति गठन गर्ने र आवश्यकता अनुरुप कार्यको बांडफांड गरी दिने।

१०. संस्थाको नेतृत्वदायी भुमिका निर्वाह गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
काठमाडौं

## १५. पद त्यागं गर्न सक्ने:

अध्यक्षले उपाध्यक्ष मार्फत् कार्य समिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्नेछन्।

## १६. अन्य समितिहरु:

१. यस बिधानको परिधी भित्र रहेर संस्थाको कार्य संचालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उप-समितीहरु गठन गर्न सक्ने छ तर साधारण सभाको बैठकद्वारा अनुमोदन गराउनुपर्ने छ।

२. उप-समितिहरुको कार्यहरु कार्य समितिले तोकी दिए बमोजिम हुने छ।

## परिच्छेद -५

## पदाधिकारीहरुको काम कर्तव्य र अधिकार

## १७. पदाधिकारीहरुको काम कर्तव्य र अधिकार:

कार्य समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

१. **अध्यक्षको काम कर्तव्य र अधिकार:**

क) समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक संचालन गर्ने ।

ख) निर्णयक मंत दिने ।

ग) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने।

घ) संस्थाको नेतृत्व लिने ।

ङ) आवश्यकता अनुसार बैठकहरु बोलाउन महासचिबलाई निर्देशन दिने।

च) अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँडफाँड गर्ने ।

छ) अभिलेख प्रमाणित गर्ने ।

२. **उपाध्यक्षको काम कर्तव्य अधिकार:**

क) अध्यक्षलाई सहयोग गर्ने ।

ख) अध्यक्षले दिएको जिम्मेवारी पुरा गर्ने ।

ग) अध्यक्षको अनुपस्थितीमा निजको कार्य गर्ने ।

३. **महा सचिवको काम कर्तव्य र अधिकार**

क) संस्थाको सचिवालयको रेखदेख र संचालन गर्ने ।

ख) अध्यक्षको निर्देशन अनुसार बैठक र सभा बोलाउने ।

ग) अभिलेख सुरक्षित राख्ने ।

४. **सचिवको काम कर्तव्य र अधिकार**

क महा सचिवलाई सहयोग गर्ने ।

५ **कोषाध्यक्षको काम कर्तव्य र अधिकार:**

क) संस्थाको कोषको रेखदेख र संचालन गर्ने ।

ख) साधारण सभामा बार्षिक कार्यक्रम र बजेट पेस गर्ने ।

ग) लेखा दुरुस्त राख्ने ।

घ) नियमित रुपमा बार्षिक लेखा परीक्षण गराउने ।

६. **सदस्यहरुको काम र कर्तव्य र अधिकार :**

क) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।

ख) संस्थाको कार्यमा रचनात्मक भुमिकाको निर्वाह गर्ने ।

## १८. गणपूरक संख्या :

१. कुल सदस्य संख्याको दुई तिहाइ (६७ प्रतिशत) साधारण सदस्यहरुको उपस्थिती नभै साधारण सभाको काम कारबाहीहुने छैन ।

२. तर बिधानको दफा ११ को (५) मा उल्लेख भए बमोजिम, पुन: बोलाइएको साधारण सभामा कुल सदस्य संख्याको ५१ प्रतिशत भएमा सभा गर्न बाधा पर्ने छैन ।

# परिच्छेद ६
# आर्थिक व्यवस्था

## १९. संस्थाको कोष :

१. संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरु जम्मा हुनेछन् :

क) सदस्यता वापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम ।

ख) कसैले स्वेच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम ।

ग) संस्थाको चल अचल सम्पत्ती वा अन्य वस्तुको विक्रीबाट प्राप्त रकम ।

घ) विदेशी संस्था व्यक्ति वा अर्न्तराष्ट्रिय संघ संस्थाबाट सहयोग वापत प्राप्त रकम ।

ङ) स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोग वापत प्राप्त रकम ।

२. विदेशी संघ संस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिने भए संस्थाले नेपाल सरकार समाज कल्याण परिषदबाट पूर्व स्वीकृति लिईने छ ।

३. संस्थामा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरी बैंक खाता संचालन गरिने छ ।

## २०. खाता संचालन:

संस्थाको बैंक खाता अध्यक्ष र कोषाध्यक्षको (अनिवार्य) संयुक्त दस्तखतबाट संचालन हुनेछ ।प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिने छ ।

## २१. कोषको रकम खर्च गर्ने तरिका:

सस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाईखर्च गरिने छ ।

क) संस्थाको बार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।

ख) साधारण सभाबाट पारीत बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।

ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नु पर्नेछ ।

घ) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नुपर्ने छ ।

२२. **संस्थाको लेखा र लेखा परिक्षण:**

१. संस्थाको आय व्ययको लेखा प्रचलित कार्नून बमोजिम स्पष्ट तवरले राखिने छ ।

२. संस्थाको लेखा परीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परिक्षकबाट हुने छ ।

३. नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुन सुकै बखतमा पनि आफै वा मातहतका कर्मचारीहरुआई संस्थाको हिसाव किताव जाँच गर्न गराउन सक्ने छ ।

४. लेखा परिक्षणको नियुक्त साधारण सभाबाट हुनेछ । तर प्रथम बार्षिक साधारण सभा नभए सम्म लेखापरिक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

५. संस्थाको लेखा परीक्षण प्रतिवेदन र बार्षिक कार्य प्रगति विवरणको १/१ प्रति स्थानीय अधिकारी, जि.वि.स., समाज कल्याण परिषद् र सम्बन्धित निकायमा पेश गरिनेछ ।

## परिच्छेद -७
## निर्वाचन, अविश्वासको प्रस्ताव, विधान

२३. **निर्वाचन सम्बन्धी व्यवस्था :**

१. कार्य समितिको निर्वाचन प्रयोजनको लागि बढीमा ३ जनाको एक निर्वाचन समिति कार्य समितिको सहमतिद्धारा गठन गरिने छ ।

२. निर्वाचन समितिले प्रचलित कानूनको परिधी भित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थित गर्ने छ ।

३. निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा विवादको टुंगो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

४. निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समितिको स्वत: बिघटन हुनेछ ।

२४. **उमेदवार हुने योग्यता:**

कार्य समितिको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ।

क) दफा ६ बमोजिम सदस्य भएको ।

ख) दफा ८ बमोजिम अयोग्य नभएको ।

ग) तोकिएको समयमा सदस्यता नवीकरण गराएको ।

२५. **अविश्वाससको प्रस्ताव :**

१. अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमकोरित पुर्याई संस्थामा दर्ता गर्नु पर्नेछ ।

क) नेपाली भाषामा शिष्ट शव्दको प्रयोग गरी लेखिएको हुनु पर्छ ।

ख) प्रस्तावको बिषय स्पष्ट र व्यवहारिक हुनु पर्छ ।

ग) साधारण सभा सदस्यहरु मध्येबाट कम्तीमा १/४ (एक चौथाई) सदस्यहरुको प्रष्ट नाम थर र ठेगाना सहित खुलाई सही भएको हुनु पर्छ ।

२. उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा बिशेष साधारण सभा बस्ने स्थान, मिति, समय समेत बमोजिम साधारण सभा वा बिशेष साधारण सभा बस्ने सुचना दिइने छ ।

३. अविश्वासको प्रस्ताव माथि छलफलको प्रक्रिया:

क) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उप-दफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्ने छ ।

ख) उप-दफा ३ (क ) बमोजिम अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य ति जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

ग) उप-दफा (१) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु बिरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाइहरु राख्न अनुमति दिईने छ ।

४. अविश्वासको प्रस्ताव माथि निर्णय:

१. अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्ने छ ।

क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समुहमा र बिपक्षमा मत प्रकट गर्ने अर्को समुहमा छुट्याएर वा

ख) साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र बिपक्षमा गोप्य मतदान गराएर ।

२. साधारण सभाको कुल सदस्य संख्याको २/३ (दुई तिहाई) बहुमतले अविश्वासको प्रस्ताव पारित हुने छ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरु पद मुक्त हुनेछ् ।

३. निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पुन: अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

## २६. बिधान संशोधन:

कुल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारण सभा सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजको लागि स्थानिय अधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्ने छ । स्थानिय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिने छ ।

## २७. नियम बनाउन सक्ने :

१. संस्थाले आफ्नो कार्यसम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ र सो नियम साधारण सभाबाट पारित गर्रा लागु हुनेछ र स्थानिय अधिकारीलाई सो को जानकारी दिनु पर्नेछ।

२. यो बिधान र बिधान अर्न्तगत बनेको नियमको अधिनमा रही संस्थाको कार्य संचालन र उद्देश्य कार्यान्वयनका लागि कार्यसमितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाई लागु गर्न सक्नेछ । त्यस्तो बिनियमहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

## २८. कर्मचारीको व्यवस्था:

क) संस्थाको दैनिक कार्य संचालन र योजना तथा कार्यक्रम संचालनको लागि कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुबिधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्नेकार्यबिधि तोकिए बमोजिम हुनेछ ।

(ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको संचालन गर्ने कार्यान्वयन बिदशी सल्लाकार वा स्वयम सेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अबधि पुऱ्याउने सेवा, कामको औचित्य, सुबिधा र तिनको योग्यता समेतको विवरण खोली समाजकल्याण परिषदबाट स्वीकृति लिईने छ र सोको विवरण स्थानीय अधिकारी, जिल्ला विकास समितिमा समेत अनिवार्य रुपमा उपलव्ध गराईने छ ।

## २९. संस्था खारेजी:

१. साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेजी गर्न सक्नेछ ।

२. उपदफा १ बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरु र संस्थाको हिसाव कितावगर्नाको लागि एक वा एक भन्दा बढी लेखा परिक्षकहरु नियुक्त गर्न सक्नेछ ।

३) उपदफा (२) बमोजिम नियुक्त लिक्विडेटर र लेखा परिक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

४) यसरी कारणबस संस्था बिघटन भई खारेज भएमा संस्थाको दायित्वको फरफारक गरी बाँकी रहने सम्पुर्णजाय जेथा नेपाल सरकारको हुनेछ ।

## ३०. व्याख्या:

यो विधान र बिधान अन्तरगत बनेको नियम बिनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ।

## ३१. गोप्यता भंग गर्न नहुने:

यस संस्थाका कुनै पनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुले बैठक वा साधारण सभामा असभ्य र अश्चिल शव्दकोप्रयोग गर्न पाईने छैन ।

## ३२. ऐन अनुसार हुने:

यस विधानमा उल्लेख नभएका कुराहरु कानून बमोजिम हुनेछ र संस्था दर्ता ऐन नियम, र प्रचलित कानून संग बाझिन गएमा बाझिएको हद सम्म स्वत: निष्कृय हुनेछन् ।

## ३३. निर्देशनको पालना:

नेपाल सरकार वा स्थानिय अधिकारीले समय, समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

## ३४. तदर्थ समिति:

१. यो संस्था स्थापना गरी दर्ता गराउनुको लागि गठित तदर्थ समितिले ६ महिना भित्र साधारण सभा बोलाई बिधान अनुसारको निर्वाचन समितिको गठन गरी कार्य समितिको निर्वाचन गराउने छ र सो को जानकारी स्थानिय अधिकारीलाई दिइने छ ।

२. प्रथम पटक निर्वाचन सम्पन्न नभए सम्मको अवस्थामा कार्य समितिले गरेका कामि कारबाहीहरु यसै बिधानसरहभएको मानिने छ ।

३५. हामी फ्रेन्डस अफ रुदेन नेपाल **संस्थाका** निम्न संस्थापकहरु यस बिधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षीको रोहबरमा बिधानमा सहीछाप गर्दछौ ।

| संस्थापकको नाम थर ठेगाना | साक्षीको नाम थर ठेगाना |
|---|---|
| १. हस्ताक्षर.............<br>पद : अध्यक्ष<br>नाम थर: बुलन्द थापा<br>ठेगाना : पोखरा १६, कास्की<br>हालको ठेगाना : का.म.पा-१५ | हस्ताक्षर .............<br>नाम थर: [illegible]<br>हालको ठेगाना : [illegible] |
| २. हस्ताक्षर.............<br>पद : उपाध्यक्ष<br>नाम थर: आमोद कुमार थापा<br>ठेगाना : सिद्दार्थनगर न.पा-१३<br>हालको ठेगाना : काठमाण्डौं-३१ | हस्ताक्षर .............<br>नाम थर: चन्द्र देव जोशी<br>हालको ठेगाना : मध्यबानेश्वर काठमाण्डौं |
| ३. हस्ताक्षर.............<br>पद : महा सचिव<br>नाम थर: नरेश प्रताप के.सी<br>ठेगाना : तौलिहवा, कपिलवस्तु<br>हालको ठेगाना : का.म.पा – २६ | हस्ताक्षर .............<br>नाम थर बिमलेश कुमार शर्मा<br>हालको ठेगाना : बतीस पुतली - ९ काठमाडौं |
| ४. हस्ताक्षर.............<br>पद : सचिव<br>नाम थर: मधु बहादुर बस्नेत क्षेत्री<br>ठेगाना : अर्नमा १ सिराहा<br>हालको ठेगाना : विशालनगर ४ काठमाण्डौ | हस्ताक्षर .............<br>नाम थर डा. विपुल मल्ल<br>हालको ठेगाना : काठमाडौं - ४. |
| | |

| | |
|---|---|
| ५. हस्ताक्षर...................<br>पद : कोषाध्यक्ष<br>नाम थर: खेम राज दाहाल<br>ठेगाना : लेखानी-९, उदयपुर<br>हालको ठेगाना : का.म.पा – ३१ | हस्ताक्षर ...................<br>नाम थर [illegible]<br>हालको ठेगाना : [illegible] |
| ६. हस्ताक्षर...................<br>पद : सदस्य<br>नाम थर: कुलेश बहादुर थापा<br>ठेगाना : सामाखुसी-२६, काठमाण्डौं<br>हालको ठेगाना : का.म.पा – २६ | हस्ताक्षर ...................<br>नाम थर [illegible]<br>हालको ठेगाना : [illegible] |
| ७. हस्ताक्षर...................<br>पद : सदस्य<br>नाम थर: गुणानन्द पाठक<br>ठेगाना : हरीपुर ३ सुनसरी<br>हालको ठेगाना : का.म.पा –३१ | हस्ताक्षर ...................<br>नाम थर [illegible]<br>हालको ठेगाना : [illegible] |
| ८. हस्ताक्षर...................<br>पद : सदस्य<br>नाम थर: मन्जु मिश्र<br>ठेगाना : काठमाण्डौं<br>हालको ठेगाना : सुनाकोठी, [illegible] | हस्ताक्षर ...................<br>नाम थर [illegible]<br>हालको ठेगाना : [illegible] |
| ९. हस्ताक्षर...................<br>पद : सदस्य<br>नाम थर: गणेश कुमार राई<br>ठेगाना : भोजपुर<br>हालको ठेगाना : सुकेधारा-४, काठमाण्डौं | हस्ताक्षर ...................<br>नाम थर डा. प्रकाश [illegible] तिवारी<br>हालको ठेगाना : [illegible], काठमाडौं |

## अनुसूची १

संस्थाको छाप र चिन्हको विवरण गोलो आकार भित्र FRIENDS OF RUDN NEPAL को नाम रहनेछ विचमा नेपाल र रुसको राष्ट्रिय झण्डा त्यस मुनी दुई हात मिलाएको र साथै इ. स. २०२२ पनि राखिएको छ ।